# Living the Lotus

9

2022

VOL. 204



*Buddhism in Everyday Life*

***Founder's Reflections***

रिश्शो कोसेइ काइ सन १९३८ सालमा संस्थापक निवानो निचिनो र नागानुमा म्योकोले सुरु गर्नुभएको शद्धर्म पुन्डरिक सुत्र र अरु दुइ सुत्र मान्ने सर्बसाधारण बुद्ध धर्मको संस्था हो । हामी बस्ने ठाउँ, काम गर्ने ठाउँमा गौतम बुद्धका उपदेशहरुको आधारलाई व्यबहारमा ल्याएर शान्तिपूर्ण संसार बनाउन चाहने ब्यक्तिहरु यो संस्थामा आबद्ध छन । अहिले अध्यक्ष निवानो निचिको र हामी बौद्धधर्मालु सदस्यहरु राष्टृय अन्तराष्टृय स्तरमा अरु धर्महरु या परोपकारी संस्थाहरुसँग मिली बुद्धको उपदेश फैलाउन कोसिश गरिरहेका छौ । रिश्शो कोसेइ काइ सन १९३८ सालमा संस्थापक निवानो निचिनो र नागानुमा म्योकोले सुरु गर्नुभएको शद्धर्म पुन्डरिक सुत्र र अरु दुइ सुत्र मान्ने सर्बसाधारण बुद्ध धर्मको संस्था हो । हामी बस्ने ठाउँ, काम गर्ने ठाउँमा गौतम बुद्धका उपदेशहरुको आधारलाई व्यबहारमा ल्याएर शान्तिपूर्ण संसार बनाउन चाहने ब्यक्तिहरु यो संस्थामा आबद्ध छन । अहिले अध्यक्ष निवानो निचिको र हामी बौद्धधर्मालु सदस्यहरु राष्टृय अन्तराष्टृय स्तरमा अरु धर्महरु या परोपकारी संस्थाहरुसँग मिली बुद्धको उपदेश फैलाउन कोसिश गरिरहेका छौ ।

Living the Lotus
Vol. 204 (September 2022)

प्रकाशक: रिश्शो कोसेइ काइ अंतराष्ट्रय बिभाग
फुमोन मिडिया सेन्टर २-७-१, वादा सुगीनामी कु टोक्यो
१६६-८५३७ जापान
फोन: ८१-३-५३४१-११२४
फ्याक्स्: ८१-३-५३४१-१२२४
इ-मेल्: living.the.lotus.rk-international@kosei-kai.or.jp
प्रमुख सम्पादक: केइची आकागावा
सम्पादक: केन्सुके ओसादा
नेपाली संसकरण अनुवाद र सम्पादक: नविन अर्याल
सम्पादन कर्मचारी:अंतराष्ट्रय बिभाग कर्मचारी

## अरु परिवर्तन हुने ग्यारेन्टी

"आफु परिवर्तन भए अरु पनि परिवर्तन" हुन्छन भन्ने कुर नबुझ्ने कोही छैनन होलान। तर बुझिएको छ भन्दैमा "आफुले केहि गल्ती नगरे पनि किन आफु परिवर्तन हुन पर्ने ?" भन्ने प्रश्न गर्ने या "आफु परिवर्तन भए पनि अरु पनि पक्कै परिवर्तन" हुन्छ भन्ने ग्यारेन्टी के छ भन्ने प्रश्न गर्ने थुपै हुन्छन। जटिल कुरा भनेको एही नै हो।

आफ्नो बुझाइ र फाइदामा मात्र अडिन खोजेमा धर्म मान्न गाह्रो हुन्छ। तर हामीले कर्मको कुरा बुझ्यो भने कुनै एक कुरा सही र कुनै अर्को कुरा गलत भन्ने कुरा हुँदैन। तेसैले आफु परिवर्तन भए पछी त्यो कुराले अरुलाई प्रभाब पार्दैन भन्ने कुरा हुँदैन।

कर्म भनेको यो संसारको अस्तित्व तेत्तिकै अडिग हुने होईनकी अरुसँगको संबन्धले परिवर्तन हुँदै जानेछ भनेर सिकाइएको छ।

जे होस पहिले अभ्यास गरेर हेरेपछी यो संसारको कुरा "एस्तो पो रहेछ" भनेर बुझिने छ।

संस्थापकको निबन्ध ८ २६०-२६१बाट

Living the Lotus-Buddhism in Everyday life (शद्धर्म पुन्डरिक सुत्र - दैनिक जिवनमा बुद्ध धर्म) भन्ने शिर्षक हाम्रो दैनिकिमा बुद्धको उपदेश कसरि प्रयोग गर्न सकिन्छ भन्ने कुरा बुझाउन, जसरि हिलोमा पनि कमल फक्रयको हुन्छ तेस्तै हाम्रो जिवन राम्रो र उधेष्यमुलक होस भन्ने कामना सहित राखिएको हो। यो पत्रीका पढेर संसार मनिसहरुको जिवनमा बुद्धको उपदेश उपयोग गर्नकोलागि ईन्टरनेटमा राखिएको छ।



# आस्था हुनुको सुख: ध्यान

Rev. Nichiko Niwano
President of Rissho Kosei-kai

## मन बिचलन भए बोधिसत्व अयोग्य भइन्छ ?

बुद्धधर्म मान्ने हामीहरु दयालु मन र करुणाको अभ्यास गरेर आफ्नो बिकास गर्दै जाने लक्ष लिने गर्ने गरेका हुन्छौ । तेस्तो अभ्यासलाई "बोधिसत्व" भनिन्छ र तेस्तो कार्य गर्न भनेर दिइएको ६ निर्देषनलाई "६ परिमिता' भनिन्छ । ति परिमितमध्यको "ध्यान" लाई हाम्रो संस्थापकले "सधै सत्यलाई पछयाउने मन" "जस्तो सुकै अवस्थामा पनि अडग, शान्त हुने मन" भनेर भन्नु भएको छ र परिमिता भनेको कुनै निर्देषन नभएर बोधिवत्व प्राप्त गर्न आफ्नो मन कस्तो हुनु पर्छ भनेर भनिएको मात्र हो ।

तर जस्तो सुकै अवस्थामा पनि हाम्रो मन शान्त हुन सक्ला त ? र तेस्तो गर्न नसकेमा बोधिसत्व अयोग्य भइन्छ त ? मानिस भए पछी बिचलन नहुन धेरै गाह्रो हुन्छ । तर तेस्तो हुँदैमा आफु "बोधिसत्व अयोग्य" भन्न चाही मिल्दैन ।

हामी दैनिकरुपमा धेरै कुरा या मानिससँग भेट गर्ने गर्छौ । सर्बे संसार अनिस्चिता भन्ने उपदेशमा भने जस्तै पलपल यो संसारमा निर्माण र परिवर्तन अनि भेटको जारी रहन्छ । र एस्तो संसारमा कहिलेकाही मन बिचलन हुने शान्त हुन नसकिने हुन्छौ । रिस या लोभले आफ्नो मन बिचलन हुन्छ तेसैले त्यो सत्यलाई स्विकार गर्नु नै महत्वपुर्ण हुन्छ जस्तो लाग्छ । मन शान्त छैन भन्ने कुरालाई ध्यान दिएमा नै "जे भए पनि म अडग हुन सकु" या "मन भित्रबाट आस्था गर्न सक्ने केहि पाउन सकु" भन्ने भावना उत्पन्न हुन्छ । साची भन्दा तपाईंहरु धेरैले यसरी नै यो उपदेशसँग भेट गर्नु भएको होला जस्तो लाग्छ ।

एही अर्थमा मन बिचलन हुने चिन्ता हुने भन्ने कुरा पनि महत्वपुर्ण हुन्छ । मन बिचलन भए पनि त्यो नै बाचेको हो भन्ने निशान हो । तेसलाई स्विकार गरेर सत्य (धर्म) लाई अपनाउन सक्ने मानिस भएर जन्मेको कुरामा आभारी भएमा तेसले नै 'सत्य मान्ने" अडिग मन बन्छ र बोध्सत्व जस्तो भएर ध्यान गर्ने बनाउने छ भन्दा फरक नपर्ला ।

## सत्य भनिने चन्द्र ज्योति” लाई हेर्ने

जेनगुरु इक्क्युको नैतिक गीतमा “खुल्ला आकासको चन्दको ज्योती भए पनि यो काल रात्रीमा हराउछु कि भन्ने पिर” भन्ने छ, मतलब चन्द्र ज्योतिले बाटो हिंड्न सघाउने जस्तै धर्म भन्ने चन्द्र ज्योतिले हामीलाई सधै उज्यालो दिएको हुन्छ। तैपनी हामीहरु त्यो धर्मलाई देख्दैनौ र सधै अशान्त, बिचलन र डर मनमा राखेर बाचेका हुन्छौ भनेर भन्न खोजिएको होला।

शाक्यमुनिको निधनभन्दाअघी उपदेश दिएका “आत्म -प्रकाश धर्म-प्रकाश” भन्ने उपदेश “धर्मलाई बिश्वास गरी त्यो सत्यमा आधारमा आफुमा भर पर्नु र धर्ममा भर पर्नु” भनेर भनेका थिए र यो उपदेश नै चन्द्र ज्योतिको साहरा लिनु भनेर अघिन भनेको जस्तै हो। मतलब “सबै चिज परिवर्तन हुन्छ र सबै कुरा एकअर्काको संबन्धबाट हुन्छ " भन्ने आधारभुत सत्यलाई आफ्नो कार्य र आफुअघिको समस्यालाई सुल्झ्याउन या यि कुराहरु गर्न महत्वपुर्ण हुन्छ। एसो गर्नाले अलिकती भए पनि मन खुशी हुन्छ र यो कुराले नै चिन्ता या दुखबाट मुक्त हुन सक्छौ।

ध्यान भनेको कुनै बिचलन नभएको शान्त मन हो र एसो गर्नाले मनमा शान्ति हुन्छ भनेर भनिन्छ। ध्यान धेरै थरिका हुन्छन तर जे भए पनि आफुले गर्ने कार्य र आफुअघिको सत्यलाई हेरी बुझेर तेस्लाई स्विकार्ने कुरा नै तेसको जड हो जस्तो मलाई लाग्छ। र ध्यानलाई सजिलोससँग भन्दा “आत्म-प्रकाश र धर्म-प्रकाश” को उपदेश हो भनेर तेसलाई मनन गरेर भक्ती गर्न पाएका हामी सबै धेरै भाग्यमानी हौ जस्तो लाग्छ।

चन्द्र ज्योती देखिने ऋतु आएको छ तर चन्द्र ज्योती हेर्दै सुख र शान्तिसँग जिबन बिताउन नपाउने मानिसहरु पनि धेरै छन। भिक्षाबाट सुरु हुने ६ परिमिता गरेर अरुको भलाईकोनिम्ती गरिने कार्यद्वारा अरुलाई दयाको ज्योती प्रदान गर्न सक्ने छौ होला। “धर्म भनिने चन्द्र” लाई आत्मामा राख्ने ध्यान नै बोधिसत्व बन्ने आधार हो।

From *Kosei,* September 2022

# प्रायष्चित गरेर उमृएको आमाप्रतिको आभारिपन

उलान्बटार शाखा
मुङ्न्त्सेत्सेग अमरबयार्सगान

*यो प्रवचन पत्रीका "कोसेइ" जुलाई अंकको "भक्ती अनुभव नयाँ जिवन" बाट सार गरिएको हो*

म १९९७मा मङोलिआको राजधनी उलन्बटारमा जन्मिएको हु। बुवा छुट्टिएर अन्तै बस्ने हुनाले म आमा र हजुरआमासँग हुर्केको हु। आमा हसिलो र खाना पकाउन सिपालु हुनुहुन्थ्यो बाल्यकालमा धेरै खुशी भएको संझना छ। तर जिवन सधै तेस्तो भएन।

म ३ कक्षा हुँदा आमा काम गर्न घरबाट बाहिर जानु भयो। आमा मलाई कहिलेकही भेट्न आउनुहुन्थ्यो तर म जब स्कुलमा बिजी हुन थाले तेस पछी लामो बिदामा मात्र आमसँग भेट्न मिल्ने भयो। तर भेट हुँदा आमाको माया पहिले जस्तै पाएर म धेरै खुशी थिए।

आमामा आएको परिवर्तना थाहा पाएको म ९ क्लासमा पढ्दा हो। म बिदामा आमा बस्ने ठाउँमा जादा वहाँको प्रेमी आउनेजाने गरेको देखे। ति मान्छे आमा बाहिर जादा सधै आमसँग जान्थे आमा एक्लोले केहि गर्न नसक्ने अनि आफ्ना साथिलाई भेटेर आनन्दसँग कुरा पनि गर्न नसक्ने हुनु भएको थियो। आमाले धेरै रक्सी पिएको देखेर अलि डर लाग्यो। तेस्को अर्को बर्ष ति मानिससँग छुट्टिनुभ्यो तर आमाले रक्सी पिउन चाही छोड्नु भएन।

दिनकादिन थाम्नै नसक्ने गरी बियर खाएर खाटमा सुत्नु हुन्थ्यो। आफ्नो काम र घरको कम गर्न र बोल्न पनि नसक्ने हुनुभयो। त्यो देखेर "आमा पिउन छोड्नुस न!" भन्थे र वहाँले खाली "हुन्छ हुन्छ' मात्र भन्नहुन्थ्यो।

तेस्तो हसिलो आमा कहाँ जानु भयो भनेर चिन्ता लाग्थ्यो र अहिलेको फरक रुप देखेर दुख अनि रिस उठ्थ्यो र वहाँसँग सधै भनाभन हुन्थ्यो।

२०१४ जुलाईमा मेरो रिसको सिमाना नाग्ने एक घटना भयो। हामी सबै परिवार हरु उलन्बटारबाट करिब ६० किलो टाढा निकुन्जमा रात बस्ने गरी बिदा मनाउन गयौ। जुन हामी हरेक बर्ष जाने गर्छौ। त्यो बेलामा आमा हाम्रा नातेदरहरुसँग बसेर रक्सी पिइरहनु भएको रहेछ।

म भोलिपल्ट मेरो साथीलाई भेट्न जाने भनेर आमासँग पैसा लिएको थियो र मैले आफ्नो वालेटमा राखेको थिए। तर आज त्यहाँ पैसा थिएन। म खिन्न भए र भने "तपाईंले मलाई दिनु भएको पैसा आफैले लिनु भएको हो ?" मेरो आमाले पहिला पनि हजुरआमाले दिएको पैसा पनि त्यसरी नै लिएर रक्सिमा खर्च गर्नु भएको थियो। तर आमाले "लिएकी छैन भनेर भुइतिर नजर गर्नु भयो। जती पटक सोधे पनि तेही जवाफ पाएकोले म रिसले चुर भएर आमालाई एक चड्कन दिन पुगे छु। "ल जे सुकै गर्नुस " भनेर म त्यहाँबाट निस्के।

त्यो रात मैले साथीकाहा बिताए। र भोलिपल्ट घर फर्के र आमालाई चडकन हानेको कुरा सम्झेर धेरै नै ग्लानी भएको थियो।

म घरमा राती अबेर पुगे र हिजो भएको कुरा मैले आफ्नो हजुरआमालाई भने। "तलाई रिस उठेको कुरा बुझ्छु तर जे भए पनि आमालाई हात उठाउँनु भनेको पाप हो" भनेर गाली गर्नु भयो। मोङोलिआमा "आमा बुवा या बृद्धलाई धेरै आदर गर्नु पर्छ" भन्ने चलन छ। ठुलाबढाकोअघी रक्सी पिउने र चुरोट खानु नराम्रो मानिन्छ र आमाबुवालाई हात उठाउँनु भनेको धेरै अनैतिक मानिन्छ।

तेस्को केहि दिनपछी आमा होस भएको अवस्थामा आफुले पैसा झिकेको कुरा स्विकार्नु भयो। र आमाले हजुरआमाले जस्तै "आफ्नो आमालाई हात हाल्नु भनेको नराम्रो कुरा" हो भनेर भन्नु भयो। मैले माफी माग्न खोजेको थि तर वहाँले झन अरु के के भनेर मलाई जे पायो तेही भन्न खोज्नु भयो र मलाई वहाँले "भन्ने कुरा सबै झुठ हुन" हो जस्तो लाग्यो र मैले पनि आमालाई दोषी देखे।

आमाले रक्सी नपिएको भए कती दयालु हुनुहुन्थ्यो भन्ने कुरा मात्र मनमा आयो र दुख लाग्यो। र मैले आमाको सरिरको चिन्ता गरेको कुरा किन नबुझेको होला भन्ने पनि लाग्थ्यो। मलाई आमाले पहिला जस्तै मायालु शब्दले बोलेर हामी सबै परिवार खुशी भएको हेर्ने चाहना मात्र थियो।

तर जे भए पनि आमालाई हात हालेको कुराले गर्दा जती समय बितेपछी पनि ग्लानी कम हुन छोडेन। कसैलाई भन्ने कोसिस गरे पनि "आमलाई हात हाल्ने मान्छे त खराब मान्छे" हो भन्छन भनेर आफ्ना



*मुङ्न्त्सेत्सेग अमरबयार्सगानजि*

साथिहरुलाई पनि भन्न सकिन। मैले रिश्शो कोसेइ काइलाई भेटेको मैले एही बेलामा हो।

"बुद्धधर्म मान्नेहरुको भेला छ साथमा जाने हो ?" भनेर एक कुरा आयो। म त्यो बेलामा हाई स्कुल सकेर केहि काम गर्ने अनि सधै बेलुका साथिहरुसँग रमाइलो गर्ने गर्थे। एक जना काकी पर्नेले जसको साथी कोसेइ काइमा रहिएचन वहाँले आफ्नो हजुराआमासँग होजमा जाने हो भनेर सोधिन। मलाई जान त मन थिएन तर आफ्नो नातेदारले भनेको भएर जान्न भन्न सकिन। होजामा आफ्न समस्याहरुको बेलिबिस्तार गरेर खुशी भएको देखेर अचम्म पनि लागेको थियो तर आफ्नो मनको कुरा सबै भन्न सकिने ठाउँ रहेछ भन्ने पनि लाग्यो। ३ चोटी काकीसँग गए तेस्पछी त म आफै पनि जान थाले।

२०१७ जुनमा कोसेइ काइ तामा शाखाको एक तोली उलबाटरमा आयो। टोली प्रमुख रेबरेन्ड हिसए बाबाले होजा गर्नु भएको थियो। मैले खुलेर मेरो आमाको रक्सी दुर्बेशनको कुरा गरे। रेबरेन्डले ममा भएको आमाको नशाबाट छुटकाराको चाहना छ भन्ने कुरा ध्यान दिएर सुन्न भयो। "आफु परिवर्तन भए अरु परिवर्तन हुन्छन भन्ने उपदेशलाई अभ्यास गर्न पहिला आफ्नो पित्री पुजा गर्नु जरुरी छ भन्ने कुरा त्यहाँ भनिएको थियो।

"आफु परिवर्तन भए अरु परिवर्तन हुन्छन" भन्ने कुरा यो संसारम सबैजना एकअर्काको संबन्धले बाचेका हुन्छन र पहिला आफुले बुद्धको उपदेश अनुसार सुकर्म गरेर बाच्न जरुरी छ र तेसो गरेमा अरु पनि परिवर्तन हुन्छन भन्ने उपदेश हो। आफु ले सुकर्म गरेमा मेरी आमा पनि प परिवर्तन हुन्छन भन्ने कुरा सोच्दा मात्र पनि मेरो मन खुशी भयो। र तेसपछी मैले जबजब आमाले रक्सी पिउनु हुन्थ्यो मैले रिसलाई थामेर घरको काम गर्थे र आफ्ना पितृप्रती आभारी हुन्छु भनेर पित्री पुजा गर्न थाले। तेसो गर्दा बिस्तारै आमाको बोलिबचन कठोर हुन अलि कम भयो र बिस्तारै वहाँसँग मैले मधुर भएर बोल्न सक्ने भए। त्यो परिवर्तन देखेर प्रभाबित भए र यो उपदेश अझै सिक्दै जान्छु भन्ने बिचार आउन थाल्यो।

तेसपछी म नर्सिङ पढ्न गए र महिनाको दुइ चोटी होजामा भाग लिन थाले। र पछी गएर कोसेइ काइको जापानमा शिक्षा र प्रशिक्षणबाट बुद्धधर्मको कुरा सिक्न पाउने "गाकुरीना" भन्ने मानव श्रोत बिकास बिद्यालय छ भन्ने कुरा थाहा पाए। तेस्पछी जापानमा अझ धेरै सिक्छु भन्ने लाग्यो र २०१९ को मेमा गाकुरिनको जाच दिएर र पास भए। हजुरआमा र आमाले "२ बर्ष मेहेनत गर्नु है" भनेर खुशी हुनु भएको थियो।

परारसालको अप्रिलमा मेरो गाकुरिनको जिवन सुरु भयो। जापानी भाषा मेहेनत गरेर दिनकादिन पढ्दा रमाइलो लाग्थ्यो तर मनमा भने आमालाई हात उठाएको कुरा खेली रहन्थ्यो। "अबा बिर्षन्छु" भनेर कती कोसिस गरे तर टिभीमा आमा छोराको केहि कुरा आउँदा य तेस्तै केहि हुँदा मैले त्यो हात हालेको दिनको कुरा मात्र झझल्को आउथ्यो र आफुलाई माफ गर्न सक्दिनथे। मेरो बारेमा भ्रम पर्ला भन्ने डर लागेर मैले कसैलाई पनि भन्न सकेको थिइन। तर गाकुरिनको दोस्रो बर्ष बल्ल मैले त्यो कुरा भन्ने दिन आयो।

गतबर्षको अक्टोबरमा दुइ महिना धर्मप्रचारको प्रशिक्षणको एक कार्यक्रम मिनोबु पर्बत प्रक्षिशण भनिने गरिएको थियो। गाकिरुनका विद्यार्थी, बिदेशी विद्यार्थी र प्रशिक्षक गरी जम्मा १३ जना सेतो बस्त्र र माला जप गर्दै मिनोबु पर्बत (यामनासी जिल्ला) चढेका थियौ। हामीलाई चढ्नु भन्दाअघी उप-प्रमुख योशिए ओतोमोले मिनोबु पर्बत भनेको "आमाबुवालाई आदर गर्ने पर्बत" हो र "आम बुवाप्रती केहि नकरात्मक भावनाको थैलो छ भने त्यो तेही फ्याकेर आउनु है" भनेर भनिएको थियो। र मैले मैले आमालाई हात उठाएको र रिस पोखेको कुरा फेरी सम्झिए।

"माफ पाउ" भनेर अब म यो कुरा मुटुमा लुकाएर मात्र राख्न सक्दिन भनेर मैले अन्तराष्ट्रय शाखाका हागिवरा योसुकेजी र बिदेशी विद्यार्थी शाखाक अदिबिश बदम्ख्रोलूजिलाई मैले "आमालाई एकदम नराम्रो काम गरेको छु। मैले के गर्दा हुन्छ ?" भनेर बिनम्र भएर सल्लाह मागे। वहाँहरुले "प्रय्श्चित गर्नु पर्छ र एसको दुइ भाग छ र पहिला सबैकोअघी अफुले गरेको कुरा भन्नु पर्छ" भनेर सल्लाह दिनु भयो।

बिहान १० बजेपछी हामी मिनोबु पर्बत चढ्न सुरु गर्यौं। ढोल बजाउने अनि सबैले माला जापान गर्दै चढ्यौ। उकालो चढ्दा 'म जसरि पनि आफ्नो मनमा भएको भारी पोकोलाई तेही छोढेर फर्किने छु" भन्ने ओतोमोजी को सल्लाहलाई मनन गर्दै थिए, मैले तेसो गर्दा आफ्नो आमा र बुवाको अनुहार सम्झे।

म सानो छदा सधै रक्सिमा डुब्ने आमाको अनुहार, तर बुवाको त नाम पनि थाहा छैन। दुइजनाले गर्दा मैले दुख पाएको पनि जस्तो लाग्यो। तर साथमा मेरा पितृले मेरा आमा बुवा बनाए र त म यो संसारमा आउन पाएको भन्ने पनि लाग्यो, र कोसेइ काइसँग भेट भएर "अरुको कृपाले बाचेको छु" भन्ने कुरा बुझे। दुख पनि धेरै भएको थियो तर एस्ता एकएक कुराले गर्दा अहिले आफु यहाँ यसरि छु भन्ने लागेपछी मलाई जन्म दिएकी आमाप्रती आभरिपान मुटुमा कुदिन थाल्यो। र पहिला आफु परिवर्तन हुनको लागि प्रायष्चित गर्नु भन्ने कुरा निर्णय गरे।

त्यो बेलुका मैले हागिवाराजी र बादमजिसँग अनलाईन होजा गरे। मैले पर्बत चढ्दा यो गर्छु त्यो गर्छु भन्ने निर्णय गरेको थिए तर होजा सुरु भएपछी भने केहि बोल्नै सकिन। तैपनी वहाँहरुले मेरो कुरा सुन्न खोज्न भएको थियो र मेरो मन अलि शान्त भयो र मैले "पहाड चढेर त्याहाबाट प्रायष्चित गर्ने साहास पाएको, मैले आफ्नो आमालाई हात उठाएको कुरा र आमासँग बिनम्र भएर गर्न नसकेको कुराहरुमा ग्लानी भएको, मलाई माया गर्ने आमलेल मेरो वस्त नगरेको कुराहरुले मन अशान्ति भएको कुरा भने। म बोल्दबोल्दै आमाप्रतिको भावनाले मेरो

मन भारी भएको थियो र आसु झर्न थाल्यो । मेरो कुरा सुनेर दुबैजनाको पनि आसु आयो र "तिमीले आज यसरी प्रायष्चित गर्दा राम्रो भयो हगी ?" भनेर दयालु शब्दले बोल्नु भयो र मेरो समस्या सुल्झेकोमा आफ्नो जस्तै ठानी खुशी हुनु भयो । र मलाई संघप्रती आभारी हुन पर्ने रहेछ भनेर फेरी पनि लाग्यो ।

भोलिपल्ट ओतोमिजिसँगको होजामा आफुले आमाप्रती गरेको ठुलो गल्तिको कुरा नढाटी भने र वहाँले "तिमीमा आमाप्रतिको माया रहेच र त यसरी प्रायष्चित गरेका हौ अब यो कुरा आमालाई पनि भन" भनेर सल्लाह दिनु भयो ।

त्यो प्रशिक्षणपछी मैले आमालाई भिडियो कल गरे । मैले सिकेको कुरा र पर्बतमा गरेको निर्ण्य भने "मैले तपाईलाई हात उठएको कुरा माफी मग्छु" भनेर घटना घटेको ७ बर्षपछी भन्न सके । आमा खुशी हुनु भयो र त्यो कुरा त मैले पहिले नै माफ गरी सके भन्नु भयो र मलाई फेरी म सानो छदा भएको जस्तो खुशीको स्वाद पाउन सके ।

यो बर्षको मार्चमा आफ्नो देश फर्के र फेरी आमासँग बस्न थाले । सेप्टेम्बरबाट फेरी कलेज जाने छु । आमा अहिले पनि पिउनु हुन्छ तर मेरो मनमा पहिला जस्तो रिस छैन । किनभने "रक्सी पिउनु" भनेको ठीक या बेठीक कुरा होइन तर किन पिउने त्यो कुरा जान्न जरुरी छ ।

अहिलेसम्म आमाले रक्सी पिएर मैले मात्र दुख पाएको भन्ने लाग्थ्यो । तर आमा एक्लोले परिवार धानेर आफ्नो छोरासँग छुट्टिएर बस्नु भनेको धैरै कठिन थियो होला । रक्सी मात्र एक्लोपनको साहारा भएको पनि हुन सक्छ । "आमा पनि दुखी थिन" भन्ने कुरा सोच्न सक्दा अहिलेसम्म आमाले परिवार धानेको कुरा बुझेर आमासँग बस्न पाएको आभारी हुन सके ।

मै ले प्रायष्चित गर्दा मेरा संघका साथिले पनि मेरो भावना बुझे, मेरी आमा अब पनि रक्सिको साहार खोज्दा मेर संघले मेरो भावना बुझे जस्तै म पनि आमाको भावना बुझ्ने कोसिस गर्नेछु ।



*मिनोबु पर्बत प्रशिक्षणमा भाग लिदै अमरबयार्सगानजी*

# शाक्यमुनीको जीवनी र बुद्धधर्मको उपदेश

## शाक्यमुनिको परिनिर्वाण

शाक्यमुनिको ८० बर्षको उमेरमा कुशिनगरमा देहान्त भयो । यो कुरालाई “परिनिर्वाण” भनिन्छ । जापानको पात्रो अनुसार यो फेब्रुअरी १५ को आधारात थियो । र यो दिन ठुलो भुइँचालो गएर मेघ गर्जन पनि भएको थियो भनेर भनिन्छ ।“सबैलाई म भन्छु कि सर्बचिज परिवर्तित छ तर पनि हामीले आफुले सकेसम्म मेहेनत गर्नु पर्छ”। शाक्यमुनिले परिनिर्वाणअघी चेलाहरुको लागि दिएको उपदेश हो यो ।








**केही तथ्य**

“यो संसारम आफ्नो र उपदेशको भर पर्नु” भन्ने कुरा शाक्यमुनिको अन्तिम उपदेश हो भनेर पनि भनिन्छ । यि कठिन ध्यान गर्ने आफ्ना चेलाको हौशला बढाउन भनिएका शब्दहरु हुन ।

※ *यो कमिक निजी प्रयोजन बाहेक बिना अनुमती प्रतिलिपी बनाउन र छाप्न निषेध गरिएको छ ।*

## शाक्यमुनिका दश माहान चेलाहरु:१




शाक्यमुनिक धेरै चेलाहरु थिए र आ-आफ्नो क्षमता मिलाएर उपदेश फैलाउने र धर्मपंथको ब्यबस्थापन गर्थे। त्यहाँ १० माहान चेलाहरु थिए।

बुद्धिमान सारीपुत्र। अलौकिक शक्ती भएका मौदगलयना। सुबुद्धी “सुन्यता” को जानकार थिए।

र कत्यानाले उपदेशलाई बुझ्न सक्ने गरी भन्न सक्थे। पुर्ण उपदेश फैलाउन सक्थे र आफ्नो गाउमा जिवनभर उपदेश फैलाउदै बिताए।

### केही तथ्य

अलौकिक शक्ती भनेको साधारण मान्छेले देख्ने, सुन्ने र महसुस गर्ने भन्दा फरक बिशेष शक्ती। मौदगलयनामा यो शक्ती थियो र आफ्नी आमा नर्कमा पिडा भोग्दैछिन भन्ने थाहा पाएर मुक्तिकोनिम्ती पुजा गरेका थिए भनिन्छ।



# Director's Column

## स्वार्थलाई फालेर हेरौ

Rev. Keiichi Akagawa
Director, Rissho Kosei-kai International


हरेकमहिना "निर्देषकको स्तम्भ" पढ्ने पाठक हरु अभिबादन। कोरोना माहामारिको तेस्रो गृष्म ऋतुको अन्त्यतिर आयौ। अब त धेरै गर्मी हुन्न कि ? सबैजना आफ्नो स्वास्थको ख्याल गर्नु होला।

यो महिना अध्यक्षले "आस्था हुनुको सुख" भन्ने प्रवचनमा "ध्यान" शिर्षकलाई सजिलोसँग बुझाउनुभयो । सर्बसाधारण बुद्धधर्मा मान्ने हामीहरुलाई दैनिक "पलपल मा हुने निर्माण र परिवर्तमा हुने भेटहरु हुने गर्दछ। र साथै "हिचकिचाहट" "आक्रोश" "क्रोध" र "लोभ"ले गर्दा हाम्रो मन बिचलित हुने गर्दछ र वहाँले एस्तो मनलाई कसरी सम्हाल्ने भनेर सजिलोसँग बिनम्ररुपमा बुझाउनु भयो।

कोसेइ काइका हामी सदस्यहरु आफुले "दुख" को अनुभव गरी तेस्लाई कसरी पार गर्ने भन्ने उपदेश सिक्दै संघका साथीबाट दया प्राप्त गर्ने भक्तिको आधारभुत अनुभव गर्ने गर्दछौ। दुखको कारण त आफ्नो सोचाइ हो भन्ने कुरा बुझेर आत्म-निरिक्षण गर्दै "स्वर्थलाई फाल्ने" भन्ने कुरामा जोड दिदा नै दुखबाट मुक्ती पाईन्छ भन्ने कुरा बुझेका छौ। यो महिना "ध्यान" भन्ने प्रवचनमा तेस्तो सत्यमा आधार हुने मन बनाउनु पर्छ भन्ने कुरा सिके।



# Rissho Kosei-kai: A Global Buddhist Movement




**Rissho Kosei-kai Buddhist Church of Hawaii**
2280 Auhuhu Street, Pearl City, HI 96782, USA
TEL: 1-808-455-3212 FAX: 1-808-455-4633
Email: sangha@rkhawaii.org URL: http://www.rkhawaii.org

**Rissho Kosei-kai Maui Dharma Center**
1809 Nani Street, Wailuku, HI 96793, USA
TEL: 1-808-242-6175 FAX: 1-808-244-4625

**Rissho Kosei-kai Kona Dharma Center**
73-4592 Mamalahoa Highway, Kailua-Kona, HI 96740, USA
TEL: 1-808-325-0015 FAX: 1-808-333-5537

**Rissho Kosei-kai Buddhist Center of Los Angeles**
2707 East First Street, Los Angeles, CA 90033, USA
TEL: 1-323-269-4741 FAX: 1-323-269-4567
Email: rk-la@sbcglobal.net URL: http://www.rkina.org/losangeles.html

Please contact Rissho Kosei-kai Buddhist Center of Los Angeles
**Rissho Kosei-kai Buddhist Center of Arizona**
**Rissho Kosei-kai Buddhist Center of Colorado**
**Rissho Kosei-kai Buddhist Center of San Diego**
**Rissho Kosei-kai Buddhist Center of Las Vegas**
**Rissho Kosei-kai Buddhist Center of Dallas**

**Rissho Kosei-kai of San Francisco**
(Address) 1031 Valencia Way, Pacifica, CA 94044, USA
(Mail) POBox 778, Pacifica, CA 94044, USA
TEL: 1-650-359-6951 Email: lotusbuddhist@gmail.com
URL: https://sf-buddhism.org/

Please contact Rissho Kosei-kai of San Francisco
**Rissho Kosei-kai of Sacramento**
**Rissho Kosei-kai of San Jose**

**Rissho Kosei-kai of New York**
320 East 39th Street, New York, NY 10016, USA
TEL: 1-212-867-5677 Email: rkny39@gmail.com URL: http://rk-ny.org

**Rissho Kosei-kai of Chicago**
1 West Euclid Ave., Mt. Prospect, IL 60056, USA
TEL: 1-773-842-5654
Email: murakami4838@aol.com URL: http://rkchi.org

**Rissho Kosei-kai of Fort Myers**
URL: http://www.rkftmyersbuddhism.org

**Rissho Kosei-kai Dharma Center of Oklahoma**
(Address) 2745 N.W. 40th St., Oklahoma City, OK 73112, USA
(Mail) POBox 57138, Oklahoma City, OK 73157, USA
TEL: 1-405-943-5030 FAX: 1-405-943-5303
Email: rkokdc@gmail.com URL: http://www.rkok-dharmacenter.org

**Rissho Kosei-kai Dharma Center of Dayton**
617 Kling Drive, Dayton, OH 45419, USA
URL: http://www.rkina-dayton.com

**The Buddhist Center Rissho Kosei-kai International of North America (RKINA)**
2707 East First St., Suite #1, Los Angeles, CA 90033, USA
TEL: 1-323-262-4430 FAX: 1-323-269-4567
Email: info@rkina.org
URL: https://www.buddhistcenter-rkina.org

**Rissho Kosei-kai of Vancouver**
Please contact RKINA

**Rissho Kosei-kai International**

**Rissho Kosei-kai Buddhist Center of San Antonio**
(Address) 6083 Babcock Road, San Antonio, TX 78240, USA
(Mail) POBox 692148, San Antonio, TX 78249, USA
TEL: 1-210-558-4430 FAX: 1-210-696-7745
Email: dharmasanantonio@gmail.com
URL: http://rksabuddhistcenter.org

**Rissho Kosei-kai of Seattle's Buddhist Learning Center**
28621 Pacific Highway South, Federal Way, WA 98003, USA
TEL: 1-253-945-0024 Email: rkseattlewashington@gmail.com
URL: http://buddhistlearningcenter.org

**Risho Kossei-kai do Brasil**
Rua Dr. José Estefno 40, Vila Mariana, São Paulo-SP, CEP 04116-060, Brasil
TEL: 55-11-5549-4446, 55-11-5573-8377
Email: risho@rkk.org.br URL: http://www.rkk.org.br

**在家佛教韓国立正佼成会　Korean Rissho Kosei-kai**
〒 04420 大韓民国 SEOUL 特別市龍山區漢南大路 8 路 6-3
6-3, 8 gil Hannamdaero Yongsan gu, Seoul, 04420, Republic of Korea
TEL: 82-2-796-5571　FAX: 82-2-796-1696

**在家佛教韓国立正佼成会釜山支部**
**Korean Rissho Kosei-kai of Busan**
〒 48460 大韓民国釜山廣域市南區水營路 174, 3F
3F, 174 Suyoung ro, Nam gu, Busan, 48460, Republic of Korea
TEL: 82-51-643-5571　FAX: 82-51-643-5572

**社團法人在家佛教立正佼成會　Rissho Kosei-kai of Taipei**
台湾台北市中正區衡陽路 10 號富群資訊大厦 4 樓
4F, No. 10, Hengyang Road, Jhongjheng District, Taipei City 100, Taiwan
TEL: 886-2-2381-1632, 886-2-2381-1633　FAX: 886-2-2331-3433

**台南市在家佛教立正佼成會　Rissho Kosei-kai of Tainan**
台湾台南市東区崇明 23 街 45 號
No. 45, Chongming 23rd Street, East District, Tainan City 701, Taiwan
TEL: 886-6-289-1478　FAX: 886-6-289-1488
Email: koseikaitainan@gmail.com

**Rissho Kosei-kai South Asia Division**
Thai Rissho Friendship Foundation
201 Soi 15/1, Praram 9 Road, Bangkapi, Huaykhwang, Bangkok 10310, Thailand
TEL: 66-2-716-8141　FAX: 66-2-716-8218

**Rissho Kosei-kai of Kathmandu**
Ward No. 3, Jhamsikhel, Sanepa-1, Lalitpur, Kathmandu, Nepal

**Rissho Kosei-kai Society of Kolkata**
89 Srirampur Road (VIP), Garia, Kolkata 700084, India

**Rissho Kosei-kai of Kolkata North**
AE/D/12 Arjunpur East, Teghoria, Kolkata 700059,
West Bengal, India

**Rissho Kosei-kai of Bodhgaya Dharma Center**
Ambedkar Nagar, West Police Line Road, Rampur, Gaya-823001,
Bihar, India

**Rissho Kosei-kai of Patna Dharma Center**
Please contact Rissho Kosei-kai Society of Kolkata

**Rissho Kosei-kai of Central Delhi**
77 Basement D.D.A. Site No. 1, New Rajinder Nagar,
New Delhi 110060, India

**Rissho Kosei-kai of Singapore**
Please contact Rissho Kosei-kai International

**Rissho Kosei-kai of Phnom Penh**
W.C. 73, Toul Sampaov Village, Sangkat Toul Sangke, Khan Reouseykeo,
Phnom Penh, Cambodia

**RKISA Rissho Kosei-kai International of South Asia**
Thai Rissho Friendship Foundation
201 Soi 15/1, Praram 9 Road, Bangkapi, Huaykhwang, Bangkok 10310, Thailand
TEL: 66-2-716-8141　FAX: 66-2-716-8218

**Rissho Kosei-kai of Bangkok**
Thai Rissho Friendship Foundation
201 Soi 15/1, Praram 9 Road, Bangkapi, Huaykhwang, Bangkok 10310, Thailand
TEL: 66-2-716-8216　FAX: 66-2-716-8218　Email: info.thairissho@gmail.com

**Rissho Kosei Dhamma Foundation**
No. 628-A, Station Road, Hunupitiya, Wattala, Sri Lanka
TEL: 94-11-2982406　FAX: 94-11-2982405

**Rissho Kosei-kai of Polonnaruwa**
Please contact Rissho Kosei Dhamma Foundation

**Rissho Kosei-kai Bangladesh**
85/A Chanmari Road, Lalkhan Bazar, Chittagong, Bangladesh
TEL: 880-2-41360470

**Rissho Kosei-kai Mayani**
Mayani Barua Para, Mirsarai, Chittagong, Bangladesh

**Rissho Kosei-kai Damdama**
Damdama Barua Para, Mirsarai, Chittagong, Bangladesh

**Rissho Kosei-kai Satbaria**
Village: Satbaria Bepari Para, Chandanaih, Chittagong, Bangladesh

**Rissho Kosei-kai Chendhirpuni**
Village: Chendhirpuni, P.O.: Adhunogar, P.S.: Lohagara, Chittagong,
Bangladesh

**Rissho Kosei-kai Raozan**
Dakkhin Para, Ramzan Ali Hat, Raozan, Chittagong, Bangladesh

**Rissho Kosei-kai Laksham**
Village: Dhupchor, Laksham, Comilla, Bangladesh

**Rissho Kosei-kai Dhaka North**
408/8 DOSH, Road No 7 (West), Baridhara, Dhaka, Bangladesh

**Rissho Kosei-kai Cox's Bazar**
Ume Burmize Market, Tekpara, Sadar, Cox's Bazar, Bangladesh

Please contact Rissho Kosei-kai Bangladesh
**Rissho Kosei-kai Patiya**
**Rissho Kosei-kai Ramu**
**Rissho Kosei-kai Aburkhil**

**Buddiyskiy khram "Lotos"**
4 Gruzinski Alley, Yuzhno-Sakhalinsk 693005, Russia
TEL: 7-4242-77-05-14

**Rissho Kosei-kai of Hong Kong**
Flat D, 5/F, Kiu Hing Mansion, 14 King's Road, North Point, Hong Kong, China

**Rissho Kosei-kai Friends in Shanghai**
Please contact Rissho Kosei-kai International

**Rissho Kosei-kai of Ulaanbaatar**
(Address) 15F Express Tower, Peace avenue, khoroo-1, Chingeltei district,
Ulaanbaatar 15160, Mongolia
(Mail) POBox 1364, Ulaanbaatar-15160, Mongolia
TEL: 976-70006960　Email: rkkmongolia@yahoo.co.jp

**Rissho Kosei-kai of Erdenet**
Please contact Rissho Kosei-kai International

**Rissho Kosei-kai di Roma**
Via Torino, 29, 00184 Roma, Italia
TEL/FAX: 39-06-48913949　Email: roma@rk-euro.org

Please contact Rissho Kosei-kai di Rome
**Rissho Kosei-kai of Paris**
**Rissho Kosei-kai of Venezia**

**Rissho Kosei-kai of the UK**
29 Ashbourne Road, London W5 3ED, UK
TEL: 44-20-8933-3247　Email: info@rkuk.org　URL: https://www.rkuk.org
Facebook: https://www.facebook.com/rkuk.official
Twitter: https://twitter.com/rkuk_official
Instagram: https://www.instagram.com/rkuk_official

**Rissho Kosei-kai International Buddhist Congregation (IBC )**
166-8537 東京都杉並区和田 2-7-1 普門メディアセンター 3F
Fumon Media Center 3F, 2-7-1 Wada, Suginami-ku, Tokyo 166-8537, Japan
TEL: 03-5341-1230　FAX: 03-5341-1224　URL: http://www.ibc-rk.org

**Published by Rissho Kosei-kai International**